# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०५।२१ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला उदयपुर साविक सिद्दिपुर गा.वि.स. वडा नं ४ हाल चौदण्डी नगरपालिका वडा नं. ८ स्थित सालघारी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष समेतले उक्त सामुदायिक वनको आय व्यय विवरण पारदर्शी रुपमा सार्वजनिक नगरी आर्थिक हिनामिना गरी भ्रष्टाचार गरेकोले आवश्यक छानविन गरी कारबाही गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त उपभोक्ता समितिका तत्कालिन अध्यक्ष खड्ग बहादुर राई, कोषाध्यक्ष विर्सिका माया राई र सचिव चन्द्र कुमार राईको आपसी मिलेमतोमा आ.व २०६७/०६८ देखी २०७०/०७१ सम्ममा उक्त समितिको योजनाहरु समेतमा खर्च गरेको भनिएको रकम नक्कली भर्पाई कागज बनाई बदनियतपूर्वक हिनामिना गरी आफूहरुलाई गैरकानूनी लाभ पुर्याउने र सामुदायिक वनको सम्पत्ति गैर कानूनी रुपमा हानी नोक्सानी पुर्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ४ बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुँदा उक्त कार्यमा संलग्न माथि उल्लिखित ३ जना व्यक्तिहरु उपर कसुरको मात्रा अनुसार तपशिल बमोजिमको कैद सजाय र बिगो बमोजिम जरिवाना हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि. नं. | कार्यालयको पद तथा नाम थर | कार्यालयको नाम | विगो | ऐन |
|---|---|---|---|---|
| १ | तत्कालिन अध्यक्ष खड्ग बहादुर राई | सालघारी सामुदायिक वन उपभोक्ता समिति, उदयपुर । | रु. ७,८५,२५१/३०- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ४ |
| २ | तत्कालिन कोषाध्यक्ष विर्सिका माया राई | सालघारी सामुदायिक वन उपभोक्ता समिति, उदयपुर । | रु. ४,५२,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ४ |
| ३ | तत्कालिन सचिव चन्द्र कुमार राई | सालघारी सामुदायिक वन उपभोक्ता समिति, उदयपुर । | रु. ४,३२,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ४ |

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता